प्रदेश सरकार

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश, विराटनगर ।

**विषयः- तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मितिः२०८१।०२।२२**

यस मन्त्रालय, मातहत निर्देशनालयहरु र अन्तर्गतका सम्पूर्ण कार्यालयहरुमा कार्यरत प्रदेश निजामती सेवाका सहायकस्तर पाचौ, अधिकृतस्तर सातौं र अधिकृतस्तर नवौं तहका कर्मचारीहरुका लागि "प्रदेश निजामती सेवा ऐन, २०७९ (पहिलो संशोधन) ऐन, २०८०" को दफा ३० बमोजिम तोकिएको सेवा अवधि पुरा भएका र पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औषत नब्बे प्रतिशत अंक प्रास गरेका कर्मचारीलाई तह वृद्धिका लागि कर्मचारीको स्वत बढुवा तथा तह वृद्धि सम्बन्धी निर्देशिका, २०८० को दफा ५ बमोजिमका कागजातहरु संलग्न राखि मिति २०८१।०३।२० गतेभित्र यस मन्त्रालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

०८१।०२।२२

डा. लेखराज दाहाल

सचिव

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः-

१. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाइ लेखिएको सक्कल निवेदन,
२. सेवा अवधि पुष्टि गर्ने नियुक्ती/बढुवा पत्रको प्रतिलिपि,
३. प्रदेशमा समायोजन भएको पत्रको प्रतिलिपि,
४. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
५. पेसा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र), र
६. ऐनको दफा ३० को उपदफा (४) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

फोन नं.०२१-४७५१४२, इमेल molmacbiratnagar@gmail.com, बेवसाइटः moiac.koshi.gov.np